# मुलुकी देवानी तथा फौजदारी संहिताका प्रमुख विशेषताहरु



नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२०७५, भाद्र

# मुलुकी देवानी तथा फौजदारी संहिताका प्रमुख विशेषताहरु

नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

भाद्र १, २०७५

*संहिताहरूको पूर्ण पाठ यस मन्त्रालयको वेभ साइट www.moljpa.gov.np मा उपलब्ध छ ।*

मा. भानु भक्त ढकाल
मन्त्री
कानून, न्याय तथा संसदीय मामिला

नेपाल सरकार

निजी सचिवालय
सिंहदरबार, काठमाडौं

पत्र संख्याः
चलानी नं.

# मन्तव्य



वर्तमान सरकार राजनीतिक रूपान्तरणको लामो कालखण्ड पश्चात समृद्ध नेपाल, सुखी नेपाली को भावनालाई आत्मसाथ गरी आर्थिक तथा सामाजिक विकासको दिशामा अघि वढिरहेको छ । यसै सन्र्दभमा आजै देखि कार्यान्वयनमा आउने मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता, फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ ले मूलभूत रूपमा आर्थिक तथा सामाजिक विकासका मेरूदण्डको रूपमा समेत रहेका छन् । साथै यी संहिताहरू व्यक्तिको व्यक्तिगत, पारिवारिक, सामाजिक तथा व्यापारिक सम्बन्धहरूलाई आधुनिक विधिशास्त्रीय मान्यता बमोजिम परिभाषित गर्ने महत्वपूर्ण आधारशिला हुन् । सर्वसाधारणका शिष्टाचार, सुविधा एवं आर्थिक हित कायम राख्न तथा आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी विभिन्न जात, जाति वा सम्प्रदायहरूबीचको सु-सम्बन्ध कायम राख्नको लागि मुलुकी ऐन तथा अन्य कानूनहरूमा रहेका देवानी तथा फौजदारी कानूनलाई संशोधन र एकीकरण गरी समयानुकुल बनाउन यी संहिताहरू लागू भएका छन् । उल्लिखित संहिताहरूमा भएका मुख्य मुख्य व्यवस्था समेटेर प्रकाशन भएको यस पुस्तिकाले सम्बन्धित सबैमा थोरै भए पनि यी संहिताहरूका वारेमा जानकारी दिलाउने विश्वास लिएको छु ।

लामो समयदेखिको अथक प्रयास र सवैको सहयोगबाट ल्याइएका संहिता कार्यान्वयन हुने ऐतिहासिक दिनको अवसरमा म ज्यादै हर्षित छु । नेपालको संविधान कार्यान्वयनको अवस्थासंगै संहिताको समेत कार्यान्वयनको यस घडीमा इतिहासले कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको हैसितमा मलाई जुन भूमिका, कर्तव्य र जिम्मेवारी पूरा गर्ने अभिभारा प्रदान गरियो, त्यसको लागि म सवै प्रति आभारी छु । यस अवसरमा म सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री, सम्मानीय सभामुख, विधायन समितिका माननीय सभापति तथा सम्पूर्ण माननीय सदस्यहरू, मस्यौदा तयार गर्ने कार्यदलका संयोजक तथा सदस्यहरू, कानून परिमार्जन गर्न सहयोग पुऱ्याउने सम्पूर्ण सरोकारवालाहरू तथा विज्ञहरू, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिवलगातयका सम्पूर्ण कर्मचारीहरू र सम्बद्ध सवैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**भानु भक्त ढकाल**
मन्त्री
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२०७५।०५।०१ शुक्रवार

फोन नं.: ४-२११९७४ (कार्यालय), फ्याक्स नं.: ४२११६८४, पोष्ट बक्स नं.: ४६८१, काठमाडौं
इमेलः dhbhanu04@gmail.com, www.moljpa.gov.np

नेपाल सरकार
**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**
(.............................................................शाखा)

प.सं. :
च.नं. :

सिंहदरवार, काठमाण्डौं

# मन्तव्य



संवत् २०२० सालदेखि लागू रहेको मुलुकी ऐनलाई प्रतिस्थापन गरी लागू भएका मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता र फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वन) ऐन, २०७४ ले विश्वव्यापी रूपमा देवानी तथा फौजदारी कानूनमा विकास भएका नवीनतम अवधारणालाई समेत आत्मसाथ गरेका छन् । यी संहिताहरूको माध्यमबाट नागरिकका दैनिक व्यवहार सञ्चालनदेखि समाजमा शान्ति र व्यवस्था कायम राख्न मद्दत पुग्नेछ ।

हरेक मुलुकको कानून प्रणालीले समाज विकासको क्रमसँगै कानूनी सुधारको समेत अपेक्षा गर्दछ । नेपालमा पुराना र अपर्याप्त महशुस गरिएका कानूनहरूलाई एकीकृत संहिताको माध्यमबाट व्यवस्थित गर्नको लागि संवत् २००७ सालमा भएको प्रजातन्त्रको स्थापनासँगै विभिन्न प्रयासहरु भएका हुन तर ती प्रयासहरूले मुर्त रूप भने लिन सकेनन् । पछिल्ला दशकहरूमा भएका राजनीतिक उपलब्धी तथा सामाजिक विकासको गतिलाई कानूनी क्षेत्रमा समेत रूपान्तरण गर्नु पर्ने आवश्यकतालाई आत्मसात गर्दै नेपाल सरकारले सर्वोच्च अदालतका तत्कालीन माननीय न्यायाधीशहरूको संयोजकत्वमा दुईवटा कार्यदल गठन गरी संहिता सम्बन्धी कानून निर्माणमा ठोस कदम अगाडि बढाएको थियो । लामो समयको प्रयास र सम्बद्ध सबै क्षेत्रको सहयोग र सहकार्यबाट नेपाल सरकारले तत्कालीन व्यवस्थापिका–संसदमा पेश गरेका संहिता सम्बन्धी विधेयकहरु रूपान्तरित व्यवस्थापिका–संसदको कार्यकाल सकिने संघारमा २०७५ साल भदौ १ गतेबाट लागू हुने गरी पारित भएको सन्दर्भ हामी सबैलाई विदितै छ । लामो इतिहास र मौलिक परम्परा बोकेको मुलुकी ऐन संवत २०२० साल भाद्र १ गते जारी भएको थियो । मुलुकी ऐन लागू भएको उक्त ऐतिहासिक दिनको संस्मरण गर्दै आजै देखि यी संहिताहरु लागू भएका छन् । यी संहिताहरूको प्रभावकारी कार्यान्वयनबाट मुलुकको कानून प्रणालीमा अग्रगामी परिवर्तन हुन गई न्यायमा सर्वसाधारण जनताको पहुँच अभिवृद्धि हुने विश्वास लिएको छु ।

अन्त्यमा यस पुस्तिका प्रकाशनको निमित्त योगदान गर्ने मन्त्रालयका सवै कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु ।

**राजीव गौतम**
सचिव
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२०७५।०५।०१ शुक्रवार

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४

## १. परिचय

साविकको मुलुकी ऐनका व्यवस्थाहरूलाई परिमार्जन तथा समसामयिक बनाई मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहिता संवत् २०७४ साल असोज ३० गते जारी भएका थिए ।

सूचना प्रविधिको विकासलाई समेत विचार गरी न्याय प्रशासन तथा सम्पादनलाई आधुनिकीकरण तथा प्रविधिमैत्री बनाउन र सूचना र प्रविधिको विकासबाट सृजित कतिपय कसूरजन्य कार्यलाई समेत कानूनको दायरामा ल्याउने गरी आवश्यक व्यवस्था गरिएको छ ।

सोह्र वर्ष उमेर पूरा नगरेको बालबालिकालाई नाबालिग मानी आएकोमा संहितामा अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिएको छ ।

नेपालको कानूनको क्षेत्रमा प्रयोगमा रहेका अभ्यासको साथसाथै देवानी तथा फौजदारी कानूनको क्षेत्रमा विकसित नवीनतम मान्यताहरूलाई समेत संहिताहरूमा समावेश गरिएको छ ।

यी संहिताहरूलाई सामान्य कानूनको रूपमा व्यवस्था गरिएको छ र संहितामा व्यवस्था गरिएका कुनै विषयमा बेग्लै ऐनबाट व्यवस्था गरिएमा त्यस्तो विषयमा सोही ऐन (विशेष कानून) लागू हुने व्यवस्था गरिएको छ ।

## २. संहिताका प्रमुख विशेषताहरू

### २.१ मुलुकी देवानी संहिता

- **हाल सम्मकै लामो ऐन**

  मुलुकी देवानी संहिता नेपालको हालसम्मको सबैभन्दा लामो ऐन भएको र यो संहितामा ६ भाग, ५२ परिच्छेद र ७२१ वटा दफा रहेका ।

- **नागरिक अधिकारको उल्लङ्घनमा जिल्ला अदालतबाटै उपचार पाईने**

  कसैले कसैलाई पनि कुनै पनि आधारमा भेदभाव गर्न नपाइने र कसैले कसैको नागरिक अधिकार उल्लंघन गरी क्षति पुर्‍याएमा वा क्षति पुर्‍याउन लागेमा सम्बन्धित उच्च अदालत वा जिल्ला अदालतमा उजूर गर्न सकिने ।

- **असल छिमेकी पन कायम गर्ने**

  प्रत्येक व्यक्तिले आफू रहे बसेको ठाउँको समुदाय वा छिमेकीलाई हानी नोक्सानी नहुने गरी असल छिमेकीपन कायम गर्नु पर्ने ।

- **व्यक्तिको रूपमा मान्यता पाउने र अधिकार प्रयोग गर्ने अधिकार हुने**

  - प्रत्येक व्यक्तिले जन्मनासाथ व्यक्तिको रूपमा मान्यता पाउने,
  - जन्मनासाथ नामको अधिकार र आफ्नो नाम, इज्जत र प्रतिष्ठाको रक्षा गर्ने अधिकार हुने,
  - अरू कसैले पनि अन्य व्यक्तिको नाम दुरूपयोग गर्न नपाइने ।

- **शरीरको परीक्षण, उपचार, अङ्ग परिवर्तन गर्न सक्ने**

  कुनै पनि व्यक्तिले कानूनको अधीनमा रही आफ्नो शरीरको परीक्षण, उपचार, अङ्ग परिवर्तन वा शरीरको कुनै अङ्गको कुनै अंश वा त्यसको कुनै नमूना सङ्कलन गर्न वा गराउन सक्ने ।

- **आफ्नो दाह संस्कारको विधि आफै निर्धारण गर्न सक्ने**

  कुनै पनि व्यक्तिले जीवित छँदै आफ्नो दाह संस्कार, काजकिरिया वा सदगतको विधि आफै निर्धारण गर्न सक्ने र त्यसरी विधि निर्धारण गरेकोमा हकवालाले पनि मर्ने व्यक्तिको इच्छा बमोजिम निजको दाह संस्कार, काजकिरिया वा सदगत गर्नु पर्ने ।

- **मृत्युपछि आफ्नो शव, शरीरको कुनै अङ्ग दान गर्न सक्ने**

  कुनै पनि व्यक्तिले लिखित रूपमा इच्छा व्यक्त गरी आफ्नो मृत्युपछि आफ्नो शव, शरीरको कुनै अङ्ग वा त्यसको कुनै अंश खास कामको लागि प्रयोग गर्न वा गराउन कसैलाई दान दिन सक्ने ।

- **बसोबासको ठेगाना निर्धारणको लागि स्पष्ट व्यवस्था**

  व्यक्तिको बसोबासको ठेगानाको निर्धारण देहाय बमोजिम हुने :

  - कुनै व्यक्तिले बसोबासको लागि कुनै ठेगाना दिएकोमा सोही ठेगाना,

- बसोबासको लागि ठेगाना दिएको रहेनछ भने नेपालभित्र निजले स्थायी रूपमा बसोबास गरेको ठाउँ,
- नेपालभित्र स्थायी बसोबास पनि नभएमा वा बसोबास पत्ता नलागेमा त्यस्तो व्यक्ति तत्काल बसोबास गर्दै आएको ठाउँ,
- तत्काल बसोबास गर्दै आएका ठाउँ पनि पत्ता नलागेमा निजले कुनै व्यापार, व्यवसाय, रोजगार वा कारोबार गरेको रहेछ भने त्यस्तो व्यापार, व्यवसाय, रोजगार वा कारोबार गरेको ठाउँ ।

### झुट्टा उजुरी दिएमा क्षतिपूर्ति तिर्नु पर्ने

कसैले कसैलाई दुःख दिने वा हानि, नोक्सानी पुर्‍याउने नियतले नागरिक अधिकार उल्लंघन गरेको भनि झुट्टा उजुरी दिएको ठहरेमा त्यसरी झुट्टा उजुरी दिने व्यक्तिले प्रत्यर्थीलाई अदालतमा लागेको खर्च, अदालती दस्तुर र कानून व्यवसायीको खर्च समेत जोडेर अदालतले तोकेको क्षतिपूर्ति दिनु पर्ने ।

### मृत्यु भएको अनुमान र मृत्युको न्यायिक घोषणा

- असी बर्षभन्दा बढी उमेर भएको, युद्धमा खटिएको र दुर्घटनामा परी वेपत्ता भएको व्यक्तिको हकमा निज जीवित भएको सामान्य जानकारी प्राप्त नभएमा क्रमशः पाँच बर्ष, चार बर्ष र तीन बर्ष पछि त्यस्तो व्यक्ति व्यक्तिको मृत्यु भएको अनुमान गरिने ।
- वेपत्ता भएको, विपद् वा दुर्घटनामा परेको कुनै व्यक्तिको मृत्यु भएको घोषणा गरी पाउन सरोकारवालाले निवेदन दिएमा अदालतले मृत्युको न्यायिक घोषणा गर्न सक्ने ।

### कानूनी व्यक्ति सम्बन्धी विस्तृत व्यवस्था

- सक्षम सार्वजनिक अधिकारी समक्ष दर्ता भएपछि मात्र कानूनी व्यक्ति संस्थापन हुने र दर्ता भए पछि त्यस्तो व्यक्तिले संगठित व्यक्तित्व प्राप्त गर्ने,
- नेपाल राज्य, नेपाल सरकार लगायतका निकाय वा संस्थाले स्वतः कानूनी व्यक्तिको हैसियत प्राप्त गर्ने,
- कानूनी व्यक्तिको तर्फबाट कामकारबाही गर्दा कसैलाई हानि नोक्सानी भएमा त्यसको जिम्मेवारी कानूनी व्यक्तिको हुने र क्षतिपूर्ति तिर्नु पर्ने,

- **दामासाहीमा परेको बाह्र वर्ष पछि दामासाहीको अवस्थाको अन्त्य हुने**
  - दामासाहीमा पर्न लागेको व्यक्ति आफैँले दामासाही गर्न अदालतमा निवेदन दिन सक्ने,
  - नियमित आम्दानी भएको वा भविष्यमा आम्दानी हुने निश्चितता भएको व्यक्तिले आफ्नो आम्दानीबाट निश्चित अवधिमा ऋण वा अन्य दायित्व भुक्तानी वा फछ्र्यौट गर्न सक्ने भएमा दामासाही प्रारम्भ नगरिने,
  - एकपटक दामासाहीमा परेको व्यक्ति १२ वर्षको अवधि भुक्तान भए पछि निज दामासाहीमा परेको अवस्था भन्दा अघिको अवस्थामा पुनर्बहाली हुने ।
- **विवाह सम्बन्धी**

> ✦ विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष उमेर पूरा भएको हुनुपर्छ सो उमेर पूरा नभइ विवाह भएमा कानून बमोजिम सजाय गर्न र विवाह बदर गराउन सकिने
>
> ✦ बीस वर्ष उमेर पूरा भएका हाडनातामा नपर्ने अविवाहित पुरुष र महिलाले एक अर्कालाई पति पत्नीको रुपमा स्वीकार गर्न मन्जुर गरेमा विवाह हुन सक्ने
>
> ✦ जुनसुकै किसिमबाट भएको विवाह सार्वजनिक गर्नु गराउनु पर्ने

  - दर्ता विवाह (कोर्ट म्यारिज ) दर्ता गरेर विवाह गर्दा जिल्ला अदालतबाट गराउनु पर्ने
  - विवाह दर्ता गराउनु पर्ने
  - विवाह भएको मानिने अवस्थाः
    - कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा,
    - पुरूषसँगको शारीरिक सम्पर्कबाट गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा,
    - अदालतमा दर्ता गरी विवाह गरेकोमा,

- **विवाह विवाह पछिको थर**
  - विवाहिता महिलाले विवाह पछि बाबु वा आमाले प्रयोग गरेको थर वा निजको पतिको थर वा दुवै थर प्रयोग गर्न सक्ने,
  - विवाहिता महिलाको थरको सम्बन्धमा कुनै प्रश्न उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले आफ्नो पतिको थर प्रयोग गरेको मानिने,
  - पतिको थर प्रयोग गरेकी महिलाको सम्बन्ध विच्छेद भएमा निजले चाहेमा निजको बाबु वा आमाले प्रयोग गरेको थर प्रयोग गर्न सक्ने ।

- **वैवाहिक सम्बन्धको अन्त्य र पुनः विवाह**

| वैवाहिक सम्बन्धको अन्त्य भएको मानिने अवस्था | पुन: विवाह गर्न पाउने अवस्था |
|---|---|
| ➤ विवाह स्वतः बदर भएकोमा,<br>➤ विवाह बदर गराएमा,<br>➤ कानून बमोजिम पति पत्नीबीच सम्बन्ध विच्छेद भएकोमा,<br>➤ पतिले कानून बमोजिम सम्बन्ध विच्छेद नहुँदै अर्को विवाह गरेमा । | ➤ पति र पत्नी विचको वैवाहिक सम्बन्ध अन्त्य भएकोमा,<br>➤ पति वा पत्नीको मृत्यु भएकोमा,<br>➤ पति पत्नीले कानून बमोजिम अंशवण्डा गरी भिन्न भएमा । |

## विवाहको परिणाम

- ✦ वैवाहिक सम्बन्ध कायम रहेका दम्पति एक अर्काको पति र पत्नीको रुपमा रहेको मानिने, पति र पत्नीले एक अर्कोलाई सहयोग, संरक्षण र सम्मान गर्नु पर्ने,
- ✦ पति वा पत्नी वा परिवारका सदस्यले एक अर्कालाई निजको सीप, योग्यता वा क्षमता अनुसारको पेशा, व्यवसाय वा काम गर्न रोक्न नहुने,
- ✦ आपसी समझदारीबाट छुट्टै वासस्थान निर्धारण गरेकोमा बाहेक पत्नीको वासस्थान पतिको घरमा कायम हुने ,
- ✦ सामान्य घर व्यवहारको काममा पति वा पत्नी एक अर्काको प्रतिनिधि मानिने ।

- **आपसी सहमतिमा घर व्यवहार चलाउनु पर्ने**
  - पति पत्नीले एक अर्कालाई आफ्नो इज्जत र क्षमता अनुसार खान लगाउन तथा स्वास्थ्योपचारको व्यवस्था गर्नु गराउनु पर्ने,
  - एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरूप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
  - पति र पत्नीले आफ्नो नाममा रहेको सम्पत्ति बिक्री वा अन्य तवरले हस्तान्तरण गर्दा कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक एक अर्काको मञ्जुरी लिनु पर्ने ।
- **सम्बन्ध विच्छेद गर्न लाग्ने अवधि**
  - सम्बन्ध विच्छेद गर्न चाहने पति वा पत्नीले अदालतमा निवेदन दिनु पर्ने,
  - पति र पत्नीले मेलमिलाप गर्न मञ्जुर नगरेमा निवेदन परेको एक वर्षपछि अदालतले सम्बन्ध विच्छेद गराई दिने ।

## पतिले सम्बन्ध विच्छेद गर्न सक्ने अवस्था

- पत्नीले पतिको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
- पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
- पत्नीले पतिको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
- पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा ।

## पत्नीले सम्बन्ध विच्छेद गर्न सक्ने अवस्था

- पतिले पत्नीको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
- पतिले पत्नीलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,
- पतिले पत्नीको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,
- पतिले अर्को विवाह गरेमा,
- पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा,
- पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा ।

- **विवाहित पतिबाट जन्मिएको अनुमान गरिने**
  - अन्यथा प्रमाणित भएकोमा बाहेक विवाह भएको मितिबाट एक सय असी दिन पछि र पतिको मृत्यु भएको वा वैवाहिक सम्बन्ध अन्त्य भएको मितिबाट दुई सय बहत्तर दिनभित्र जन्मिएको शिशु विवाहित पतिबाट जन्मिएको अनुमान गरिने,
  - पति पत्नी बीच अन्यथा सहमति भएको वा विवाह गर्नु अगाडि कुनै महिला गर्भवती भएको थाहा पाएर वा थाहा पाउनु पर्ने मनासिब कारण भई कुनै पुरूषले त्यस्तो महिलासँग विवाह गरेकोमा बाहेक विवाह भएको एक सय असी दिन अगाडि नै पत्नीबाट जन्मिएको शिशुको पितृत्वलाई पतिले र त्यस्तो शिशुको जन्म हुनु अगाडि नै पतिको मृत्यु भइसकेको रहेछ भने निजको हकवालाले इन्कार गर्न सक्ने ।
- **पितृत्व वा मातृत्वको दाबी**
  - पितृत्व वा मातृत्वको ठेगान नभएको शिशु आफ्नो छोरा वा छोरी हो भनी दाबी गर्नु पर्दा त्यस्तो शिशु जन्मिएको वा पहिचान भएको मितिले दुई वर्षभित्र गरिसक्नु पर्ने,
  - पितृत्वको ठेगान नभई जन्मिएको शिशुको पितृत्व दाबी गर्नु पर्दा त्यस्तो शिशु जन्मिएको मितिले दुई वर्षभित्र गरिसक्नु पर्ने ।
- **कृत्रिम गर्भाधान प्रणालीद्वारा जन्मिएको शिशु विवाहित पतिबाट नै जन्मिएको मानिने**

  पति पत्नीको मञ्जुरीले अन्य कुनै व्यक्तिको वीर्यबाट कृत्रिम गर्भाधान प्रणालीद्वारा जन्मिएको शिशु विवाहित पतिबाट नै जन्मिएको मानिने र सोही बमोजिम निजको पितृत्व निर्धारण हुने ।
- **नाम र थरको अधिकार**
  - प्रत्येक व्यक्तिले जन्मेपछि आ–आफ्नो धर्म, संस्कृति, चलन र परम्परा अनुसार निजको आमा वा बाबुले राखेको नाम पाउने,
  - कसैको आमा वा बाबु तत्काल उपलब्ध नभएमा वा उपलब्ध हुन सक्ने सम्भावना नरहेमा निजले आफूलाई हेरचाह गर्ने संरक्षक वा माथवरले राखे बमोजिमको नाम पाउने,
  - कुनै व्यक्तिले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न सक्ने,

- बाबु वा आमा दुवैको ठेगान नलागेको व्यक्तिले निजलाई हेरचाह गर्ने संरक्षकद्वारा दिइएको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउने ।

**आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने**

नाबालक छोरा, छोरी आमा, बाबुको सुपरिवेक्षण, निगरानी, नियन्त्रण, संरक्षण वा अख्तियारी अन्तर्गत रहने र त्यस्ता नाबालकले आमा बाबुले कानून सम्मत दिएको आज्ञा, आदेश वा निर्देशनको पालना गर्नु पर्ने ।

**अधिकार दायित्व कायमै रहने**

पति पत्नी बीचको वैवाहिक सम्बन्ध अन्त्य भए तापनि निजहरूबाट जन्मिएका छोरा, छोरीको बाबु, आमा माथिको कानूनी अधिकार र निज प्रतिको बाबु, आमाको दायित्व कायमै रहने ।

**आदर तथा सम्मान गर्नु पर्ने**

- छोरा छोरीले आफ्ना आमा बाबुलाई आदर तथा सम्मानका साथ व्यवहार गर्नु पर्ने,
- छोरा छोरीले आमा बाबुलाई एकासगोलमा बसेको वा भिन्न भइसकेको जेसुकै भए तापनि आफ्नो आर्थिक तथा सामाजिक हैसियत अनुसार आवश्यक हेरचाह, स्याहार सम्भार, औषधोपचार वा रेखदेख गर्नु पर्ने ।

**छोरा छोरी उपरको कर्तव्य र जिम्मेबारी आमा बाबुको बराबरी हुने**

- आमा बाबुले आफ्ना छोरा छोरी उपर प्रयोग गर्न सक्ने अख्तियारी, पूरा गर्नु पर्ने जिम्मेवारी तथा पालना गर्नु पर्ने कर्तव्य निजहरू दुवैको सहमतिले संयुक्त रूपमा गर्नु पर्ने ।
- आफ्नो छोरा, छोरीको पालनपोषण, शिक्षा तथा दीक्षा, खेलकुद, स्वास्थ्योपचार, मनोरञ्जन, सुविधा वा घरेलु कामकाजमा छोरा वा छोरीको आधारमा वा छोरा छोरा वा छोरी छोरी बीच कुनै किसिमले भेदभाव गर्न नपाईने ।

**विशेष सहुलियत र संरक्षण प्रदान गर्ने**

आमा बाबुले शारीरिक वा मानसिक रूपले अशक्त वा अपाङ्गता भएमा छोरा छोरीलाई विशेष सहुलियत र संरक्षण प्रदान गर्नु पर्ने ।

- **छोरा वा छोरी हुने व्यक्तिले समेत धर्मपुत्र वा धर्मपुत्री राख्न सक्ने**

  अदालतले आदेश गरेमा छोरा वा छोरी हुने व्यक्तिलाई पनि धर्मपुत्र वा धर्मपुत्री राख्न दिन सकिने ।

- **जिल्ला अदालतबाट प्रमाणीकरण गराएर मात्र धर्मपुत्र धर्मपुत्री राख्न सकिने**

  धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी लिखतलाई जिल्ला अदालतबाट प्रमाणीकरण गराएर मात्र धर्मपुत्र धर्मपुत्री राख्न सकिने ।

- **सबै अंशियार अंशका समान हकदार**

  सगोलको सम्पत्ति अंशबण्डा गर्ने प्रयोजनको लागि पति, पत्नी, बाबु, आमा, छोरा, छोरी अंशियार मानिने, प्रत्येक अंशियार अंशको समान हकदार हुने ।

- **गर्भको शिशुलाई अंश छुट्याउनु पर्ने**

  अंशबण्डा गर्दाका बखत कुनै महिला अंशियार गर्भवती भएमा र निजले जन्माउने शिशु अंशियार हुने भएमा त्यसरी जन्मने शिशुलाई समेत समान अंशियार मानी निजको अंश भाग छुट्याएर मात्र अंशबण्डा गर्नु पर्ने ।

- **अंश पाउन झुट्टा नालिस गरेमा क्षतिपूर्ति तिर्नु पर्ने**

  अंश नपाउनेले नालिस गरेको ठहरेमा अदालतले बिगो खुल्न आएमा बिगो र बिगो खुल्न नआएमा निजको हैसियत विचार गरी नालिस गर्ने व्यक्तिबाट मनासिब क्षतिपूर्तिको रकम प्रतिवादीलाई भराई दिनु पर्ने ।

- **स्याहार गर्नेले अपुताली पाउने**

  - कुनै व्यक्तिलाई निजको नजिकको हकवालाले स्याहार सम्भार नगरी टाढाको हकवालाले स्याहार सम्भार गरेको रहेछ भने निजको अपुताली त्यसरी स्याहारसम्भार गर्ने हकवालाले पाउने,
  - सगोलको हकवालाले स्याहार सम्भार नगरी कुनै व्यक्ति आफ्नो अंश लिई भिन्न बसेको हकवालासँग बस्न गएको अवस्थामा मृत्यु भएमा निजको अपुताली त्यस्ता भिन्न भएका हकवालाले पाउने,
  - मृतकको स्याहार सम्भार हकवालाले नगरी अन्य व्यक्तिले गरेको भए त्यस्तो अपुताली त्यसरी स्याहार सम्भार गर्ने व्यक्तिले पाउने ।

## निजी, सार्वजनिक र सरकारी सम्पत्ति

| निजी सम्पत्ति | सार्वजनिक सम्पत्ति | सरकारी सम्पत्ति |
|---|---|---|
| कुनै व्यक्तिको नाममा रहेको देहायको सम्पत्ति वा त्यसबाट बढे बढाएको सम्पत्ति त्यस्तो व्यक्तिको निजी सम्पत्ति मानिने :<br>➤ आफ्नो ज्ञान, सीप वा प्रयासबाट आर्जन गरेको,<br>➤ दान, बकस वा अपुताली स्वरूप प्राप्त गरेको,<br>➤ चिठ्ठा वा उपहार स्वरूप प्राप्त गरेको,<br>➤ पारिश्रमिक, उपदान, निवृत्तभरण, उपचार खर्च, सञ्चय कोष, बीमा वा अन्य सामाजिक सुरक्षण वापत प्राप्त गरेको,<br>➤ बौद्धिक सम्पत्ति वा रोयल्टी स्वरूप प्राप्त गरेको,<br>➤ कानून बमोजिम मानो छुट्टिई भिन्न बसेको अवस्थामा वा त्यसरी मानो नछुट्टिए पनि खति उपति आफ्नो आफ्नो गरी खानु बस्नु गरेको अवस्थामा जुनसुकै तवरले प्राप्त गरेको, | सार्वजनिक प्रयोजनको लागि रहेका देहायको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने :<br>➤ परापूर्वकालदेखि रहेको घर, जग्गा, ढल वा बाटो,<br>➤ कुवा, पँधेरो, पानीघाट, इनार, पोखरी तथा त्यसको डील,<br>➤ गाईवस्तु निकाल्ने निकास, गौचर, खर्क, अन्त्यष्टीस्थल, चिहान, मसानघाट, समाधिस्थल कब्रिस्थान रहेको जग्गा,<br>➤ पाटी, पौवा, देवल, धार्मिक उपासनास्थल, स्मारक, मठ, मन्दिर, चैत्य, गुम्बा, स्तूप, मस्जीद, इदगाह, कब्रगाह, गिर्जाघर, चोक, डबली, चौतारी वा सो रहेको जग्गा, | नेपाल सरकारको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेको देहायको सम्पत्ति सरकारी सम्पत्ति मानिने :<br>➤ सरकारी घर, भवन वा जग्गा,<br>➤ सडक, बाटो वा रेल्वे,<br>➤ वन, जङ्गल वा वन जङ्गलमा रहेका रूख, बुट्यान,<br>➤ नदी, खोलानाला, ताल, पोखरी तथा त्यसको डिल,<br>➤ नहर, कुलो वा ऐलानी, पर्ती जग्गा,<br>➤ खनिज वा खनिज पदार्थ,<br>➤ हिमाल, भीर, पहरा, डगर, बगर, सार्वजनिक बगैँचा, |

| निजी सम्पति | सार्वजनिक सम्पति | सरकारी सम्पति |
|---|---|---|
| ➤ महिलाले विवाह पूर्व आर्जन गरेको, प्राप्त गरेको वा विवाह हुँदाका बखत माइतीबाट प्राप्त गरेको सम्पत्ति वा त्यसबाट बढे बढाएको,<br>➤ महिलालाई पति वा पति तर्फका सबै अंशियारहरूको मञ्जुरीले निजको एकलौटी हक हुने गरी लिखत गरी दिएको वा पति तर्फका नातेदार वा इष्टमित्रबाट प्राप्त चल वा अचल सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्ति,<br>➤ कानून बमोजिम कुनै व्यक्तिको मात्र निजी सम्पत्ति हुने उल्लेख गरेको | ➤ हाट, मेला, सार्वजनिक रूपमा मनोरञ्जन गर्ने वा खेलकुद गर्ने ठाउँ रहेको जग्गा,<br>➤ सार्वजनिक प्रयोजनको लागि कसैले प्रदान गरेको निजी सम्पत्ति,<br>➤ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक सम्पत्ति भनी तोकिदिएको अन्य सम्पत्ति । | ➤ सार्वजनिक, सामुदायिक, गुठी वा कुनै व्यक्तिको नाममा रहेको सम्पत्ति बाहेकको अन्य सम्पत्ति । |

## ▶ प्रतिकूल भोगाधिकार रहेको मानिने

सरकारी, सार्वजनिक, सामुदायिक वा गुठीको जग्गा र करार वा अन्य कानूनद्वारा छुट्टै व्यवस्था भएकोमा बाहेक कुनै व्यक्तिले अर्को व्यक्तिको चल सम्पत्तिको हकमा तीन वर्ष र जमिनको हकमा तीस वर्षभन्दा बढी समयदेखि त्यस्तो सम्पत्ति वा जमिन आफ्नै सम्पत्ति वा जमिन सरह भोग गरेमा त्यस्ता सम्पत्ति वा जमिनमा निजको प्रतिकूल भोगाधिकार रहेको मानिने ।

## ▶ अरूको सम्पत्ति बिगार्न वा असर पार्न नपाईने

➤ अन्य व्यक्तिको बाटो वा निकास बन्द गरी, आफ्नो जग्गाको साँधमा कुनै काम वा निर्माण गरी वा अन्य कुनै पनि तवरले कसैको सम्पत्ति

बिगार्न नपाईने र कानून बमोजिम बाहेक मञ्जुरी नलिई अरूको घर कम्पाउण्डमा प्रवेश गर्न नहुने,

- आफ्नो जग्गामा इनार वा कुवा खन्दा सँधियारको जग्गाबाट कम्तीमा एक मिटर दुरी कायम हुने गरी जग्गा छोड्नु पर्ने र रूख वा बिरूवा लगाउँदा अन्य व्यक्तिको घर, जग्गा वा कुनै सम्पत्तिलाई असर पर्ने गरी लगाउन नहुने ।

### जग्गा खिचोला वा अतिक्रमण गर्न गर्न नहुने

अन्य व्यक्तिको सम्पत्ति च्यापी, मिची वा कुनै तवरले खिचोला वा अतिक्रमण गर्न नपाईने कसैले अन्य व्यक्तिको सम्पत्ति आफ्नो कब्जामा लिएमा निजले त्यस्तो सम्पत्ति खिचोला वा अतिक्रमण गरेको मानिने ।

### आफ्नो जग्गा बाहिर पानी झार्न नपाउने

- सँधियारको जग्गा तर्फ झ्याल वा ढोका राखी घर बनाउनु पर्दा सम्बन्धित निकायले तोकेको मापदण्ड बमोजिमको जग्गा छोड्नु पर्ने,
- आफ्नो घर वा वलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झार्न नपाउने ।

### फलोपभोग सम्बन्धी व्यवस्था

आफ्नो हकको सम्पत्तिको स्वामित्व हस्तान्तरण विना नै अर्को व्यक्तिले त्यस्तो सम्पत्तिबाट आर्जन हुने प्रतिफल वा लाभ (फलोपभोग) प्राप्त गर्ने ।

### सुविधाभारको व्यवस्था

- विपद् परेको बखत पीडितको उद्धार गर्न छिमेकीको घर वा जग्गा प्रयोग गर्न सकिने,
- विपद् परी बाटो विनाश भएमा त्यस्तो घर जग्गामा आउन जानको लागि पहिलेदेखि बाटो प्रयोग गरिरहेको व्यक्तिले बाटोको सुविधा पाउने,
- बाटो वा निकासको व्यवस्था नगरी घर वा जग्गा हस्तान्तरण गर्न नहुने,
- प्रत्येक घर वा जग्गाको स्वामित्ववालाले आफ्नो घर वा जग्गाबाट निकास हुने वर्षाको पानीको व्यवस्थापन आफैँले गर्नु पर्ने र त्यस्तो व्यवस्था नभएकोमा प्राकृतिक रूपमा वर्षाको पानी जता तर्फ बग्दछ सोही बमोजिम बग्न दिनु पर्ने,

- कसैको जग्गामा उत्पत्ति भएको वा सोबाट बगेको खोला, नदी वा पोखरीको पानी सम्बन्धित धनीलाई पुगेपछि खानेपानी वा सिंचाईको प्रयोजनको लागि जोसुकैले पनि प्रयोग गर्न सक्ने र यसमा सँधियारले प्राथमिकता पाउने,
- खेती गर्ने जग्गामा मानिस वा खेती गर्नको लागि प्रयोग हुने जनावर आउने जाने बाटो वा निकास नरहेकोमा सम्बन्धित जग्गाको स्वामित्ववालाले त्यस्तो व्यक्तिलाई बाटो वा निकासको सुविधा दिनु पर्ने ।

**घर बहालमा दिंदा सम्झौता गर्नु पर्ने**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिंदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- बहालमा दिएको घरमा सम्झौतामा अन्यथा व्यवस्था गरेकोमा बाहेक पानी विजुली, ढलको व्यवस्था गर्ने, बहालमा बस्नेलाई असुरक्षा वा हैरानी वा अशान्ति हुनबाट रोक्ने दायित्व घर धनिको हुने
- बहाल रकम समयमै दिने, आफ्नै घर सरह सरसफाई हेरचाह, संरक्षण र सुरक्षा गर्ने, घरका अन्य व्यक्ति वा छिमेकीलाई अशान्ती, हैरानी वा असुरक्षा हुने काम गर्न नगर्ने दायित्व घर बहालमा लिनेको हुने ।
- घरधनीले आफ्नो दायित्व पूरा नगरेमा वा घर बाहलमा लिनेलाई घर नचाहिने भएमा बहालमा लिने व्यक्तिले र घर बहालमा बस्नेले आफ्नो दायित्व पूरा नगरेमा, प्रचलित कानून विपरितको काम गरेमा, घर धनी आफैलाई घर आवश्यक परेमा, घरमा मानिस बसोबास गर्न नमिल्ने अवस्था समेतमा घर बहालमा दिनेले बहालमा बस्नेलाई घरबाट हटाउन सक्ने ।

**शेषपछिको बकसपत्र गर्ने व्यक्तिले जुनसुकै बखत आफूले गरेको शेषपछिको बकसपत्रका शर्त संशोधन वा बकसपत्र रद्द गर्न सक्ने ।**

**सम्पत्तिको हस्तान्तरण**

- करार गर्न असक्षम व्यक्ति बाहेक अन्य जुनसुकै व्यक्तिले आफ्नो हक र स्वामित्वको सम्पत्ति एक वा एकभन्दा बढी व्यक्तिलाई अलग अलग वा संयुक्त रुपमा कानूनको रीत पुऱ्याई लिखत गरी हस्तान्तरण गर्न सक्ने,

- सगोलका अंशियारको लिखित मञ्जुरी नलिई सगोलको सम्पत्ति कसैलाई हस्तान्तरण गर्न नपाउने,
- एउटा व्यक्तिलाई हस्तान्तरण गरिसकेको सम्पत्ति दोहोरो पारी अन्य व्यक्तिलाई हस्तान्तरण गर्न नहुने,
- नेपाल सरकारको पूर्व स्वीकृति नलिई कुनै विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण गर्न नपाईने ।

- **सम्बन्धित कार्यालयमा गई पारित गराउनु पर्ने लिखतहरू**
  - कुनै पनि व्यहोराले अचल सम्पत्ति हस्तान्तरण गरी दिएको लिखत,
  - भोग, दृष्टि वा लखबन्धकी लेखिदिएको लिखत,
  - अचल सम्पत्तिको शेषपछिको दान वा बकसपत्र,
  - अचल सम्पत्ति सट्टापट्टा गरेको लिखत,
  - अंशबण्डा वा अंश छोडपत्रको लिखत,
  - मानो छुट्टिएको वा मानो जोडिएको लिखत,
  - गुठी स्थापना गरेको लिखत,
  - मासिक एक लाख रुपैयाँभन्दा बढी घर बहाल लिनु दिनु गरेको लिखत,
  - अचल सम्पत्ति फलोपभोग भएको लिखत,
  - कानून बमोजिम पारित गर्नु पर्ने अन्य लिखत ।
- **घरसारको लिखत दर्ता गराउनु पर्ने, चेकबाट भएको भुक्तानीलाई लेनदेन भएको मानिने ।**
- **नावालक र होस ठेगानमा नरहेको व्यक्ति बाहेक अरू व्यक्ति करार गर्न सक्षम मानिने ।**
- **कामको अनुपातमा ज्याला दिनु पर्ने**

  काम गर्ने व्यक्तिले आफूखुशीले ज्याला मजुरी बिना काम गर्न मञ्जुर गरेकोमा बाहेक काम लगाउनेले काम गर्नेलाई कामको अनुपातमा ज्याला तोकेकोमा सोही बमोजिमको र नतोकेकोमा त्यस्तो काम गरे वापत काम गरेको ठाउँमा चलन चल्तीमा रहेको दर अनुसारको ज्याला मजुरी दिनु पर्ने ।

- **घरेलु कामदार सम्बन्धी विशेष व्यवस्था**
  - घर व्यवहारको काममा घरेलु सहायकको रूपमा काममा लगाउन सकिने,
  - घरेलु सहायकको काम लगाएको जानकारी एक महिनाभित्र सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा समितिलाई लिखित रूपमा गराउन सकिने,
  - घरेलु सहायकको रूपमा काममा लगाउँदा ज्याला मजुरी मासिक वा वार्षिक रूपमा दिने, दिनको तीन पटक खाना मौसम अनुसारका कपडा, बस्नलाई उपयुक्त आवास, शौचालय, नुहाउने घर, अठार वर्ष भन्दा कम उमेरको भए अध्ययनको व्यवस्था समेत गर्नु पर्ने ।
- **दुष्कृति (Tort) सम्बन्धी व्यवस्था**
  - चौध वर्ष उमेर नपुगेका नावालकले गरेको गरेको दुष्कृति बापत निजको बाबु आमाले दायित्व व्यहोर्नु पर्ने,
  - पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले दायित्व व्यहोर्नु पर्ने,
  - कुनै घरबाट कुनै किसिमको फोहोर मैला वा वस्तु फालेको कारणबाट कसैलाई हानि, नोक्सानी भएकोमा सम्बन्धित घर मुलीले दायित्व व्यहोर्नु पर्ने,
  - कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- **उत्पादकले दायित्व व्यहोर्नु पर्ने**

  कसैले त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्री, वितरण गरेको कारणबाट त्यस्तो वस्तुको उपभोग गर्दा कसैको जीउ, ज्यान वा सम्पत्ति उपर हानि, नोक्सानी भएमा त्यस बापत उत्पादकले दायित्व व्यहोर्नु पर्ने ।
- **निजी अन्तर्राष्ट्रिय कानून सम्बन्धी व्यवस्था**
  - यो व्यवस्था विदेशीको कानूनी हैसियत तथा निजको सक्षमता, पक्षहरूमध्ये कम्तीमा एक पक्ष विदेशी रहेको वैवाहिक सम्बन्ध, पैतृक तथा मातृक र अन्य पारिवारिक सम्बन्ध वा अंश, अपुताली सम्बन्धी विषय वा सोसँग सम्बन्धित काम, कारबाही, भएको ठाउँ नेपाल बाहिर

रहेको विषय, कम्तीमा एक सरोकारवाला पक्ष विदेशी रहेको र निजको विदेशमा रहेको सम्पत्ति सम्बन्धी विषय वा कम्तीमा एक पक्ष विदेशी रहेको करार, गैरकरार सम्बन्धी अधिकार वा दायित्व सम्बन्धी विषयमा लागू हुने

- नेपालको अदालतलाई कारबाही र किनारा गर्ने क्षेत्राधिकार हुने :–
  - नेपालभित्र बसोबास गर्ने विदेशीहरूबीच वा विदेशी र नेपाली नागरिक बीच नियमित भएका विषय,
  - नेपालमा बसोबास गर्ने विदेशी प्रतिवादी भएको मुद्दाको विषय,
  - मृत्यु हुँदाका बखत नेपालमा सम्पत्ति भई नेपालमा बसोबास गर्ने विदेशीको अपुतालीको विषय,
  - नेपाली नागरिक र विदेशी बीच विदेशमा लेनदेन व्यवहार वा कारोबार भएकोमा त्यसको भुक्तानी नेपालभित्र हुने विषय,
  - विदेशीहरूबीच वा विदेशी र नेपाली नागरिक बीच नेपालभित्र रहेको सम्पत्ति सम्बन्धी विषय,
  - नेपालभित्र सम्पन्न वा नेपालमा परिपालन हुने विदेशी व्यक्तिहरूबीच वा कम्तीमा एक पक्ष नेपालको नागरिक वा सङ्गठित संस्था पक्ष रहेको करार सम्बन्धी विषय,
  - पक्ष वा विपक्ष दुवै नेपाली नागरिक भएको वा नेपालमा सामान्य बसोबास भएका विदेशी रहेको नेपाल बाहिर भएको दुष्कृति, अर्धकरार वा अनुचित सम्वृद्धि सम्बन्धी विषय ।

## २.२ मुलुकी देवानी कार्यविधि संहिता

- **अदालत तथा अन्य न्यायिक निकायमा समेत लागू हुने**

  मुलुकी देवानी कार्यविधि संहिता देवानी प्रकृतिका विवादको कारबाही र किनारा गर्ने न्यायिक र अर्धन्यायिक दुवै प्रकृतिका अधिकारीले प्रयोग गर्न सक्ने ।

**देहायका विषय सम्बन्धी मुद्दा देवानी र अन्य मुद्दा फौजदारी हुने**

- कानून बमोजिम फौजदारी मुद्दाको रूपमा परिभाषित गरिए बाहेकका कानूनी हक, दायित्व, हैसियत, पद, पारिवारिक सम्बन्ध वा सम्पत्ति सम्बन्धी मुद्दा,
- नाता कायम वा सम्बन्ध विच्छेद,
- दस्तुर, पारिश्रमिक, तलब, भत्ता वा ज्याला,
- अंश, अपुताली, दान बकस, संरक्षक, माथवर, मातृक तथा पैत्रिक अख्तियारी, धर्मपुत्र वा धर्मपुत्री,
- कुनै करार, अर्धकरार वा अनुचित सम्वृद्धि अन्तर्गतको कुनै हक वा दाबी,
- दुष्कृति, अर्धदुष्कृति वा त्रुटिपूर्ण उत्पादन सम्बन्धी हक वा दाबी,
- सुविधाभार,
- क्षतिपूर्ति,
- देवानी प्रकृतिको अन्य कुनै विषय ।

**नियमित अदालतबाट मात्रै निरोपण हुने**

- कुनै विषयमा हक बेहकको प्रश्न उत्पन्न भएमा त्यस्तो प्रश्नको निरूपण,
- कुनै व्यक्तिको नाता कायम, सम्बन्ध विच्छेद वा कानूनी हैसियत ।

**सम्बन्धित जिल्ला अदालतमा मुद्दा लाग्ने**

- कानूनमा कुनै अदालत, निकाय वा अधिकारीलाई मुद्दामा कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार भएको तर त्यस्तो अदालत वा निकाय गठन नभएको वा अधिकारी नतोकिएको अवस्थामा त्यस्तो अदालत वा निकाय गठन नभएसम्म वा अधिकारी नतोकिएसम्म त्यस्तो मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार पनि सम्बन्धित जिल्ला अदालतलाई हुने,

**लिखतको परिभाषा**

- घर व्यवहारमा हुने सबै किसिमका लेनदेन व्यवहार, सम्पत्ति हस्तान्तरण वा धितो बन्धक दिने गरी भएको लिखत,

- धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी लिखत,
- करार,
- अख्तियार दिएको लिखत, अख्तियारनामा, मञ्जुरीनामा वा त्यस्तै प्रकृतिका अन्य कागज,
- सरकारी कार्यालय वा सङ्गठित संस्थामा पेश हुने कुनै पनि लिखत,
- अदालतमा पेश हुने फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, निवेदनपत्र, दरखास्त लगायत जुनसुकै किसिमको लिखत,
- सरकारी कार्यालय वा सङ्गठित संस्थाबाट जारी हुने लिखत,
- कानूनी हक वा दायित्व सृजना गर्ने वा नगर्ने अन्य कुनै लिखत ।

## कानूनी लिखत तयारी

- लेख्न पढ्न नसक्ने व्यक्तिलाई लिखतमा सहिछाप गराउँदा त्यस्तो व्यक्तिले चाहेमा निजले रोजेको व्यक्तिको रोहवरमा गराउनु पर्ने,
- पचास हजार रूपैयाँ भदा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाइ कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरेमा निजलाई अदालतले पाँचसय रूपैयाँसम्म जरिवाना गर्नसक्ने ।

## अदालती शुल्क (कोर्ट फी) निर्धारण

- पहिलो पच्चीस हजार रूपैयाँसम्मको विगोको लागि पाँचसय रूपैयाँ,
- त्यसपछि थप हुने रकममा विगोको आधारमा ५ प्रतिशत, ३.५ प्रतिशत, २ प्रतिशत, १.५ प्रतिशत र पच्चीस लाख रूपैयाँ भन्दा बढी जतिसुकै रकम भए पनि १ प्रतिशतका दरले अदालती शुल्क लाग्ने ।

### प्रारम्भिक सुनुवाई सम्बन्धी व्यवस्था

- प्रमाण बुझ्नु अघि नै अदालतले हकदैया, हदम्याद र अदालतको क्षेत्राधिकार भए नभएको विषयमा प्रारम्भिक सुनुवाईबाट टुंगो लगाईने,
- प्रारम्भिक सुनुवाईबाट टुंगो लगाईएको विषयमा मुद्दा पुनरावेदन गर्दा, मुद्दा दाहोराई हेर्दा वा पुनरावलोकनको लागि निवेदन दिंदा प्रश्न उठाउन नपाउने

- **म्याद तामेली गर्ने नयाँ व्यवस्था**
  - फिरादपत्र दर्ता गर्दा फिरादवालाले आफैले प्रतिवादी बनाइएको व्यक्तिलाई म्याद सहित फिरादपत्र बुझाउन चाहेमा निजले नै बुझाउन सक्ने,
  - त्यसरी नै म्याद तामेलीका सम्बन्धमा कुनै अदालतमा उपस्थित हुने पदाधिकारी, कानून व्यवसायी, साक्षी, वारेस वा सोही अदालतमा तारेखमा रहेको पक्षको नाममा रहेको म्याद निज अदालतमा उपस्थित हुँदाका वखत तामेल गर्न सकिने,
  - म्याद तामेलीमा निजले अवरोध गरेमा वा अदालतलाई सहयोग नगरेमा न्यायाधीशले निजलाई अदालतमा निजले सम्पन्न गर्नु पर्ने अन्य काम कारबाहीमा रोक लगाउन सक्ने व्यवस्था ।

- **गुज्रेको म्याद वा तारेख थाम्न पाउने व्यवस्थामा सुधार**
  - म्यादको हकमा एक पटक पन्ध्र दिनसम्म र तारेखको हकमा दुईपटक एक्काइस दिन सम्म थमाउन सकिने व्यवस्था प्रस्ताव गरिएको ।

- **श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने**

  अति वृद्ध अवस्था, शारीरिक अशक्तता, अस्वस्थता वा नेपाल बाहिर रहे बसेको कारण कुनै साक्षी अदालतमा उपस्थित हुन नसक्ने कारण देखाई त्यस्तो साक्षीको श्रव्य-दृश्य सम्वादको माध्यमबाट परीक्षण हुन मुद्दाको कुनै पक्षले अदालतमा निवेदन दिएमा त्यस्तो व्यहोरा अदालतलाई मनासिव लागेमा अदालतले त्यस्ता साक्षीको श्रव्य-दृश्य संवादको माध्यमबाट परीक्षण गर्न सकिने ।

- **निर्णय गर्नु पर्ने र फैसला तयार गर्नु पर्ने अवधि निर्धारण**

  मुद्दामा प्रमाण बुझ्ने काम सम्पन्न भएको सामन्यतया एक महिनाभित्र निर्णय गर्नु पर्ने र निर्णय भएको एक्काईस दिनभित्र फैसला तयार गर्नु पर्ने त्यसरी तयार भएको फैसलामा न्यायधीशले मिति उल्लेख गरी प्रमाणीकरण गर्ने,

- **मिलापत्र वा मेलमिलापको माध्यमबाट फैसलाको कार्यान्वयन**

  पक्षहरूले मिलापत्र वा मेलमिलापको माध्यमबाट फैसलाको कार्यान्वयन गर्न चाहेमा अदालतमा संयुक्त निवेदन दिएर मिलापत्र वा मेलमिलापको माध्यमद्धारा फैसला कार्यान्वयन गर्न अवसर दिइने ।

- **चलन चलाउने कार्यविधिमा सुधार**
  - कानून बमोजिम कित्ताकाट हुन नसकी बण्डा वा चलन चलाउन नसकिने क्षेत्रफलको जग्गा वा भौतिक संरचना भएमा अदालतले दुवै पक्षको सहमतिमा मूल्य कायम भएमा सहमति भएबमोजिम मूल्य र सहमति नभएमा पञ्चकिर्ती मूल्य कायम गरी वा लिलाम बिक्री गरी चलन पाउने पक्षलाई त्यस आधारमा चलन चलाई दिनु पर्ने र चलन चलाउँदा कुनै पक्षले नगदै बुझाउन चाहेमा नगदै बुझाउन सक्ने,
  - अन्य व्यक्तिको जग्गा मिची भौतिक संरचना निर्माण गरेको वा बनाएको ठहर भई चलन चलाउनु पर्दा संरचना नभत्काई क्षतिपूर्ति लेनदेन गर्न पक्षहरु सहमत भए सोही बमोजिम र संरचना नभत्काउने कुरामा सहमत भएपनि क्षतिपूर्ति रकममा सहमति हुन नसकेमा पञ्चकिर्ती मूल्य कायम गरी त्यस्तो मूल्यमा पच्चीस प्रतिशत थप रकम चलन चलाई पाउने पक्षलाई भराई दिईने,

- **अंशवण्डा सम्बन्धी नयाँ व्यवस्था**

  धेरै अंशियार भएको कारणले वण्डा गर्नु पर्ने सम्पत्ति बण्डा गर्दा सबै अंशियारले समान रूपमा उपभोग गर्न नमिल्ने वा त्यस्तो सम्पत्ति बण्डा गर्दा घर, जग्गा वा जिन्सी सम्पत्तिको रूप परिवर्तन भई प्रयोग गर्न नमिल्ने भएमा त्यस्तो सम्पत्तिको अंशियारहरु बीचको सहमतिले कुनै मूल्य कायम भएमा त्यस्तो मूल्यमा र मूल्यमा सहमति नभएमा पञ्चकिर्ती मूल्यमा कुनै अंशियारले लिन सक्ने गरी वण्डा गरिने ।

- **नावालक, अशक्त तथा वेपत्ता भएका व्यक्तिको तर्फबाट मुद्दा गर्ने**

  कानून बमोजिम उमेर नपुगेको, बृद्ध, नाबालक, दृष्टिविहीन तथा बोल्न नसक्ने वा होस ठेगानामा नहरेको व्यक्तिको हक अधिकारको संरक्षण गर्नको लागि त्यस्ता व्यक्तिको तर्फबाट अदालतको अनुमति लिई संरक्षकले फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र र निवेदनपत्र दिन सक्ने ।

- **अदालती म्याद वा सूचना प्रकाशनको लागि दिन निर्धारण**

  अदालतबाट कुनै म्याद वा सूचना पत्रिकामा प्रकाशन गर्दा राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा सर्वोच्च अदालतले निर्धारण गरेको दिन प्रकाशन गर्नु पर्ने ।

▶ **समयमा काम नगर्ने कर्मचारीलाई कारबाही हुने**

मुलुकी देवानी कार्यविधि संहिता बमोजिमको कार्य सम्पादन गर्नु पर्ने दायित्व भएको कुनै कर्मचारीले संहितामा निर्धारण भएको अवधिभित्र कुनै कार्य सम्पादन नगरेमा मर्का पर्ने पक्षले निजको विरूद्धमा सम्बन्धित अदालतको न्यायाधीश समक्ष उजुरी दिन सक्ने र मनासिव कारण बिना निजले गर्नु पर्ने काम समयमै सम्पादन गरेको नदेखिएमा न्यायाधीशले निजलाई विभागीय कारबाही गर्न आदेश दिन सक्ने ।

## २.३ मुलुकी अपराध संहिता

### नेपाल बाहिर कसूर गरेमा नेपालमा सजाय हुने

सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकता उपर खलल गर्ने, राजद्रोह, नेपाल विरुद्ध युद्ध गर्ने वा नेपालसँग युद्धमा संलग्न राज्यका सेनालाई सहायता गर्ने, राष्ट्रहित प्रतिकूल काम गर्ने, जातिहत्या लगायतका संहिताले कसूर कायम गरेका कतिपय अपराध नेपाल बाहिर गरे पनि नेपालमा सजाय हुने ।

▶ **कसूरको गम्भीरता बढाउने र घटाउने आधार निर्धारण गरिएको**

सामान्यतया सजायको व्यवस्थामा माथिल्लो हदको मात्र व्यवस्था गरिएको र कसूरको गम्भीरता घटाउने तथा बढाउने अवस्थाको आधारमा मूल्यांकन गरी सजाय निर्धारण गर्नु पर्ने :

| कसूरको गम्भीरता बढाउने अवस्थाहरु | कसूरको गम्भीरता घटाउने अवस्थाहरु |
|---|---|
| ➤ राष्ट्रपति वा सरकार प्रमुख वा विदेशी राज्य प्रमुखको बिरूद्ध कसूर गरेको<br>➤ राष्ट्रपति वा सरकार प्रमुख वा विदेशी राज्य प्रमुखको उपस्थितिमा कसूर गरेको<br>➤ विश्वासको दुरूपयोग गरी कसूर गरेको<br>➤ कुनै सार्वजनिक पदको लाभ उठाई वा दुरूपयोग गरी कसूर गरेको | ➤ कसूरदारको उमेर अठार वर्षभन्दा कम वा पचहत्तर वर्षभन्दा माथि भएको<br>➤ कसूरदारको कसूर गर्ने नियत नभएको |

| कसूरको गम्भीरता बढाउने अवस्थाहरू | कसूरको गम्भीरता घटाउने अवस्थाहरू |
|---|---|
| ➤ सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो पदीय कर्तव्य पालन गर्न लागेकोमा बाधा पुऱ्याउने वा निजलाई कुनै गैरकानूनी काम गर्न लगाउने नियतले कसूर गरेको<br>➤ कुनै सरकारी कार्यालय, सार्वजनिक कार्यालय वा धार्मिक स्थलमा कसूर गरेको<br>➤ पाँच वा पाँचभन्दा बढी व्यक्तिहरू समूहमा आवद्ध भई कसूर गरेको<br>➤ सार्वजनिक शान्ति खलबलिएको, बाढी, पहिरो, भूकम्प वा त्यस्तै प्रकृतिको दैवी प्रकोप भएको, महामारी फैलिएको, अनिकाल परेको वा त्यस्तै किसिमको अन्य कुनै स□टको लाभ लिई कसूर गरेको<br>➤ हातहतियार वा विषालु वा विष्फोटक पदार्थ साथमा लिई वा प्रयोग गरी वा विद्युत प्रवाह गरी वा विद्युतीय उपकरण प्रयोग गरी कसूर गरेको वा हातहतियार वा विषालु वा विष्फोटक पदार्थ लिएको मानिसको मद्दतबाट कसूर गरेको<br>➤ एक पटक कैद सजाय पाएको कसूरदारले पुनः कसूर गरेको<br>➤ कुनै पारितोषिक वा लाभ वा आश्वासन पाई पाउने प्रलोभनमा परी कसूर गरेको<br>➤ आफ्नो संरक्षण वा नियन्त्रणमा रहेको व्यक्ति वा जिम्मामा रहेको सम्पत्तिको बिरूद्ध कसूर गरेको<br>➤ कसैलाई क्रुर यातना, अमानवीय वा अपमानजन्य व्यवहार गरी कसूर गरेको<br>➤ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको<br>➤ एकै वारदातमा एकभन्दा बढी व्यक्तिका बिरूद्ध कसूर गरेको | ➤ जुन व्यक्तिको बिरूद्ध कसूर भएको छ त्यस्तो व्यक्तिले कसूरदारलाई कसूर हुनुभन्दा तत्काल अघि उत्तेजित गरेको वा धम्की दिएको<br>➤ कसूरदार वा निजको कुनै नजिकको नातेदारका बिरूद्ध गरिएको कुनै गम्भीर कसूरको प्रतिकारको रूपमा तत्कालै कसूर भएको<br>➤ कसूरदारले स्वेच्छाले कसूर स्वीकार गरेको वा त्यस्तो कसूर गरे बापत पश्चाताप गरेको<br>➤ कसूरदारले सम्बन्धित अधिकारी समक्ष आत्मसर्मपण गरेको |

| कसूरको गाम्भीरता बढाउने अवस्थाहरू | कसूरको गाम्भीरता घटाउने अवस्थाहरू |
|---|---|
| ➤ कसैलाई अपहरण गरी वा शरीर बन्धक लिई कसूर गरेको<br>➤ थुना, हिरासत, कैद वा नियन्त्रणमा रहेको व्यक्ति बिरूद्ध कसूर गरेको<br>➤ आफूले सुरक्षा गर्नु पर्ने व्यक्तिको बिरूद्ध कसूर गरेको<br>➤ जातिहत्या (जेनोसाइड) को उद्देश्यले कसूर गरेको<br>➤ कुनै समुदाय बिरूद्ध घृणा उत्पन्न गर्ने उद्देश्यले कसूर गरेको<br>➤ मानवता विरूद्धको कसूर गरेको<br>➤ नियोजित वा सङ्गठित रूपमा कसूर गरेको<br>➤ पचहत्तर वर्षमाथिको वृद्धावस्था वा शारीरिक वा मानसिक अस्वस्थताले गर्दा होस ठेगानमा नरहेको वा अपाङ्गताको कारणले आफ्नो बचाउ गर्न सक्ने स्थितिमा नभएको व्यक्ति वा बालबालिकाको विरूद्ध कसूर गरेको<br>➤ सवारी वा विमान दुर्घटना वा प्राकृतिक प्रकोप पर्दा उद्धार गर्ने काममा खटिंदा कसूर गरेको<br>➤ एकपटक कुनै कसूरबाट पीडित भैसकेको व्यक्तिका बिरूद्ध सोही कसूरदारले अर्को कसूर गरेको | ➤ कसूरदारले आफूले गरेको कसूर स्वीकार गरी पीडितलाई क्षतिपूर्ति दिइसकेको वा दिन मञ्जुर गरेको<br>➤ शारीरिक, मानसिक तथा अपाङ्गताको कारणले गर्दा कसूरदारको क्षमता ह्रास भएको<br>➤ पीडित पक्ष र समाजलाई हुन गएको हानि, नोक्सानीको मात्रा उल्लेखनीय नदेखिएको<br>➤ अदालतमा साँचो कुरा व्यक्त गरी न्यायिक प्रकृयामा सहयोग पुर्‍याएको<br>➤ कसूर स्वीकार गरी भविष्यमा फौजदारी कसूर नगर्ने प्रतिवद्धता व्यक्त गरेको<br>➤ कसैको बहकाउ वा दबाबमा अपराध गरेको |

## सामुदायिक सेवा देखि आजिवन कैदसम्मको सजाय

कसूरको प्रकृति र गम्भीरताको आधारमा सामुदायिक सेवा गर्नु पर्ने देखि निश्चित अवधिको कैद, जरिबाना, कैद र जरिबाना, कैद वा जरिबाना वा दुवै, जरिबाना, क्षतिपूर्ति, क्षतिपूर्ति नतिरे वापत कैद, जन्मकैद, आजिवन कैद सम्मको सजाय हुने ।

## आजीवन (जीवित रहेसम्म) कैद हुने

देहायका कसूरमा आजीवन (जीवित रहेसम्म) कैद हुने :

- ✦ जवर्जस्ती करणी गरी ज्यान मारेको,
- ✦ क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको,
- ✦ वायुयान अपहरण गरी वा वायुयान विष्फोट गरी ज्यान मारेको,
- ✦ अपहरण गरी वा शरीरबन्धक लिई ज्यान मारेको,
- ✦ सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेको,
- ✦ कुनै जात, जाति वा सम्प्रदायको अस्तित्व नै लोप गर्ने जातिहत्या (जेनोसाइड) गरेको वा गर्ने उद्देश्यले कसूर गरेको ।

- **जन्मकैदको गणना गर्दा पच्चीस वर्ष गणना गरिने ।**
- **कैदको अनुपातमा जरिबाना हुने**

  कैद र जरिबानाबीच तादात्म्यता हुने गरी सजायको व्यवस्था गरिएको (जस्तै :- प्रत्येक एक वर्ष कैदको अनुपातमा दश हजार रूपैयाँ जरिबाना) ।
- **जरिबाना नतिरेमा कैद हुने**
  - ➤ कैद र जरिबाना दुवै सजाय हुने कसूरमा जरिबाना वापत दशवर्षसम्म कैद हुन सक्ने,
  - ➤ कैद वा जरिबाना मध्ये कुनै वा दुवै सजाय हुन सक्ने कसूरमा जरिबाना वापत अधिकतम कैदको आधासम्म कैद हुन सक्ने,
  - ➤ जरिबाना मात्र हुने कसूरमा दुई वर्ष सम्म कैद हुन सक्ने ।
- **अपराध पीडितले मुद्दाको काम कारबाहीको जानकारी पाउने ।**

## क्षतिपूर्ति तथा पुनर्स्थापना सहितको न्याय पाउने

अपराध पीडितलाई पीडकबाट क्षतिपूर्ति भराई दिने, मुद्दा फैसला नहुँदै अन्तरिम क्षतिपूर्ति उपलब्ध गराउने तथा सामाजिक न्याय सहितको पुनर्स्थापनाको हक हुने ।

- **षडयन्त्र, उद्योग, दुरूत्साहन गर्ने तथा मतियारलाई सजाय**

  कसूरको षडयन्त्र, उद्योग, दुरूत्साहन तथा मतियारलाई सामान्यतयाः मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुने ।

- **बालबालिकाबाट कसूर गराएमा उमेर पुगेकालाई सजाय हुने**

  कुनै बालबालिकालाई फकाई, सिकाई वा प्रभावमा पारी कुनै कसूर गर्न लगाएमा त्यसरी कसूर गर्न लगाउनेलाई आफैँले कसूर गरे सरह सजा हुने ।

- **कसूरसँग सम्बन्धित साधन जफत हुने**

  कसूरबाट आर्जन गरेको र कसूर गर्दा प्रयोग गरेको साधन जफत गरिने ।

## सजायमा छुट दिन सकिने

कसूरदारले आफूले गरेको कसूर स्वीकार गरी त्यस्तो कसूरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न, अनुसन्धान, अभियोजन पक्ष वा अदालतलाई सघाउ पुऱ्याएमा पचास प्रतिशतसम्म सजाय छुट हुन सक्ने ।

- **विवाह बदर हुने**

  मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह बदर हुने ।

## केही कसूर र सजाय

नयाँ कसूर कायम भएका र अन्य केही कसूर तथा सजाय :-

| कसूर | सजाय |
|---|---|
| नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले मानिस, हातहतियार र खरखजाना जम्मा गर्ने, सैनिक वा अर्धसैनिक सङ्गठन निर्माण गर्ने | जन्मकैद |
| नेपाल सरकार वा संवैधानिक संरचना पल्टाउने नियतले सैनिक, अर्धसैनिक वा आपराधिक बलको प्रदर्शन वा प्रयोग गरी कुनै अव्यवस्था उत्पन्न गर्ने वा हातहतियार सहित सैनिक वा अर्धसैनिक सङ्गठन निर्माण गर्ने | पच्चीस वर्षसम्म कैद |
| • नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान वा नेपालको अन्तर्राष्ट्रिय छवि उपर अपमान हुने, होच्याउने वा घृणा वा द्वेष फैलाउने<br>• नेपालको अन्तर्राष्ट्रिय सीमा अतिक्रमण गर्ने, सीमास्तम्भ हटाउने, सीमास्तम्भ राखिएको ठाउँ वा सीमास्तम्भ परिवर्तन गर्ने | पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिबाना (सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेमा थप तीन वर्षसम्म कैद) |
| नेपालको प्रतिनिधित्व गरी खेल खेल्ने खेलाडीले खेलमा मिलेमतो गरी खेल्ने वा खेलाउने (Match Fixing) | तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना |
| जातिहत्या सम्बन्धी कसूर अन्तर्गत आमहत्या गरेमा | जन्मकैद |
| नेपाल विरूद्ध जासूसी गर्ने | पच्चीस वर्षसम्म कैद |
| राष्ट्रपति वा संसदलाई धम्की दिने | सात वर्षसम्म कैद वा सत्तरी हजार रूपैयाँसम्म जरिबाना वा दुवै |

| कसूर | सजाय |
| --- | --- |
| अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाउने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गरेमा | छ महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिबाना वा दुवै |
| गैर कानूनी भेला गर्ने | एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै |
| हुलदङ्गा गर्ने | दुई वर्षसम्म कैद र बीस हजार रूपैयाँसम्म जरिबाना |
| सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्ने | तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै |
| सार्वजनिक सेवा अवरूद्ध गर्ने | तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिबाना |
| सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुट्ठा अफवाह फैलाउने | एक वर्षसम्म कैद र दश हजार रूपैयाँसम्म जरिबाना |
| संवेदनशील सार्वजनिक क्षेत्रमा मसाल जुलुस गर्ने | छ महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिबाना वा दुवै |
| झुठ्ठा प्रमाण बनाउने | पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिबाना |
| कसूरदारलाई आश्रय दिने | कसूरदारलाई हुने कैदको अनुपातमा पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिबाना |

| कसूर | सजाय |
|---|---|
| संक्रामक रोग फैलाउने | दश वर्षसम्म कैद र एक लाख रूपैयाँसम्म जरिबाना |
| एच. आई भि वा हेपाटाइटिस बीको जिवाणु रोग फैलाउने | दश वर्षसम्म कैद र एक लाख रूपैयाँसम्म जरिबाना |
| खाद्य पदार्थमा मिसावट गर्ने | पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिबाना |
| झुक्यानमा पारी खाद्य पदार्थ बिक्री वितरण गर्ने | पाँच वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिबाना वा दुवै |
| बिक्री गर्ने उपभोग्य वस्तु बिक्री नगरी जम्माखोरी गर्ने | पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिबाना |
| घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्ने | एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै |
| हिंस्रक वा अन्य पशुपक्षी राख्दा पूर्वसावधानी नअपनाई लापरवाही गर्ने | एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै |
| राष्ट्रिय गान, झण्डा वा निसाना छापको अपमान वा क्षति गर्ने | तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै |
| राष्ट्रिय विभूतिको अपमान गर्ने | छ महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिबाना वा दुवै |

| कसूर | सजाय |
|---|---|
| यातना दिने | पाँच वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिबाना वा दुवै |
| छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्ने | तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिबाना वा दुवै |
| विवाहमा लेनदेन गर्ने तथा दाइजो नदिएको कारण सताउने | पाँच वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिबाना वा दुवै |
| आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्ने | तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना (नवजात शीशुको मृत्यु भएकोमा जन्मकैद र अन्यको मृत्यु भएकोमा सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिबाना) |
| आत्महत्या गर्न दुरूत्साहन दिने | पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिबाना |
| व्यक्ति बेपत्ता पार्ने | पन्ध्र वर्षसम्म कैद र पाँच लाख रूपैयाँसम्म जरिबाना |
| अपहरण गर्ने वा शरीर बन्धक लिने | सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रूपैयाँसम्म जरिबाना |

| कसूर | सजाय |
|---|---|
| जबरजस्ती करणी गर्ने | महिलाको उमेरको आधारमा सात वर्ष देखि बीस वर्षसम्म कैद |
| हाडनाता करणी गर्ने | करणी हुनेहरु बिचको नाताको आधारमा एक वर्ष सम्म कैद देखि जन्मकैद सम्म |
| सरकारी कर्मचारीले थुनामा रहेका व्यक्तिसँग मञ्जुरीले नै करणी गरेमा | तीन वर्षसम्म कैद |
| आफ्नो संरक्षण र सुरक्षामा रहेको व्यक्तिसँग मञ्जुरीले नै करणी गरेमा | तीन वर्षसम्म कैद |
| कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसँग मञ्जुरीले नै करणी गर्ने | चार वर्षसम्म कैद र चालीस हजार रूपैयाँसम्म जरिबाना |
| इजाजत प्राप्त नगरेको व्यक्तिले इलाज गर्ने | तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना (ज्यान मरेमा जन्मकैद र अंगभंग भएमा पन्ध्र वर्षसम्म कैद) |
| मञ्जुरी विना मानव शरीरमा कुनै परीक्षण गर्ने | तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिबाना (ज्यान मरेमा ज्यान मारे सरह र अङ्गभङ्ग भएमा अङ्गभङ्ग गरे सरह) |

| कसूर | सजाय |
| --- | --- |
| जोखिमपूर्ण औषधि बिक्री वितरण गर्ने | दुई वर्षसम्म कैद वा बीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै |
| औषधिमा मिसावट गर्ने वा मिसावट गरेको औषधि बेच्ने | पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिबाना (ज्यान मरेकोमा ज्यान मारे सरह) |
| म्याद नाघेको औषधि बिक्री वितरण गर्ने | एक वर्षसम्म कैद र दश हजार रूपैयाँसम्म जरिबाना |
| एक औषधिलाई अर्को औषधि भनी बिक्री वितरण गर्ने | दुई वर्षसम्म कैद र दश हजार रूपैयाँसम्म जरिबाना |
| निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्ने | दश वर्षसम्म कैद र एक लाख रूपैयाँसम्म जरिबाना |
| आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्ने | पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिबाना |
| सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) | तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै |
| आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरूलाई गर्ने) | पाँच वर्षसम्म कैद र पचास हजार रूपैयाँसम्म जरिबाना |
| आपराधिक लाभ (एक्टर्सन) लिने (अरूलाई धम्क्याई निजबाट लाभ लिने) | सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिबाना |

| कसूर | सजाय |
|---|---|
| बैंक नोट वा सिक्का जलाउने, गाल्ने, च्यात्ने वा बैंक नोटमा लेख्ने | तीन महिनासम्म कैद र पाँच हजार रूपैयाँसम्म जरिबाना |
| चौपायालाई यातना दिएमा वा आफूले पालेका पशुपक्षी रोगी वा वृद्ध भएको कारण सार्वजनिक रूपमा छोड्ने | तीन महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिबाना वा दुवै |
| अनुमति बिना कसैको तस्वीर खिचेमा वा निजको तस्वीरसँग अरू कसैको तस्वीर राखी अर्को तस्वीर बनाउने | एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै |
| एकको तस्वीरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रूपमा तस्वीर बनाउने | दुई वर्षसम्म कैद वा बीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै |

## २.४ मुलुकी फौजदारी कार्यविधि संहिता

**मौखिक वा विद्युतीय माध्यमबाट कसूरको सूचना दिन सकिने**

कुनै कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने व्यक्तिले सोको सूचना मौखिक रुपमा वा विद्युतीय माध्यम (इमेल वा अन्य) बाट समेत दिन सक्ने ।

- **पक्राउ पूर्जी जारी गर्नु अघि अनुमति लिनु पर्ने**

  कुनै व्यक्तिलाई तत्कालै पक्राउ गर्नु पर्ने भएमा पक्राउ गर्नु पर्ने कारण खुलाई मुद्दा हेर्ने अधिकारीबाट अनुमति लिनु पर्ने ।

- **जरूरी पक्राउ पूर्जी जारी गरी पक्राउ गर्न सकिने**

  कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नभएमा वा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा प्रमाण, दसी वा सबदु नष्ट गर्ने अवस्था भएमा प्रहरीले जरूरी पक्राउ पूर्जी जारी गरी तत्काल पक्राउ गर्न सक्ने ।

- **अन्य व्यक्तिले पक्राउ गर्न सक्ने**

  कुनै कसूर भएका बखत तत्काल प्रहरी उपलब्ध नभएमा अन्य व्यक्तिले समेत त्यस्तो कसूर गर्ने व्यक्तिलाई भाग्न उम्कन नदिई नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्ने ।

- **पक्राउ गर्न सहयोग गर्नु पर्ने**

  प्रहरी कर्मचारी वा अनुसन्धान अधिकारीले कुनै प्रमाण नास हुन नदिन वा कसूरदारलाई पक्राउ गर्न सहयोग मागेमा जुनसुकै निकाय, अधिकारी वा व्यक्तिले सहयोग गर्नु पर्ने ।

- **अनुसन्धान टोली मार्फत अनुसन्धान गर्न सकिने**

  गम्भीर प्रकृतिका कसूरमा अनुसन्धान अधिकारीको तालुकवाला अधिकारी वा प्रहरी महानिरीक्षकले विशेषज्ञ सहितको अनुसन्धान टोली मार्फत अनुसन्धान गराउन सक्ने ।

## अनुसन्धानको लागि चालीस दिन भन्दा बढी हिरासतमा राख्न नपाइने

- पक्राउ परेको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीको अनुमति लिई एकै पटक वा पटक पटक गरी पच्चीस दिनसम्म हिरासतमा राख्न सकिने
- राष्ट्रपति उपरको आक्रमण, जासूसी, सैनिक भड्काउने, नेपाल राज्य विरुद्ध युद्ध गर्ने वा नेपालसँग युद्धमा संलग्न राज्यका सेनालाई सहयोग गर्ने जस्ता कसूरको हकमा थप पन्ध्र दिन (बढीमा ४० दिन) हिरासतमा राख्न सकिने ।

- **नेपाल बाहिर अनुसन्धान गर्न सकिने**
  - नेपाल बाहिर भएको कसूरको सम्बन्धमा सन्धि बमोजिम वा सम्बन्धित मुलुकको अनुमति प्राप्त गरी नेपाल सरकारले तोकेको अनुसन्धान अधिकारीले अनुसन्धान गर्न सक्ने,
  - कसूर भएको मुलुकको अधिकार प्राप्त अनुसन्धान अधिकारीले गरेको अनुसन्धानलाई मान्यता दिने वा अभियुक्त फेला परेको वा निजको स्थायी बसोबास भएको इलाकाको अधिकार प्राप्त अनुसन्धान अधिकारीले अनुसन्धान गर्ने ।

- **श्रव्यदृष्य संवादको माध्यम प्रयोग गर्न सकिने**

  शारीरिक अस्वस्थताको कारणले अनुसन्धान अधिकारी समक्ष उपस्थित हुन नसक्ने वा सुरक्षाको कारण उपस्थित गराउन उपयुक्त नभएको व्यक्तिलाई श्रव्यदृष्य संवाद (भिडियो कन्फेरेन्स) को माध्यमबाट बयान लिन वा सोधपुछ गर्न वा त्यस्तो साक्षी बुझ्न सकिने ।

## अनुसन्धानमा सहयोग गर्नेलाई कम सजाय हुने (Plea Bargaining)

अनुसन्धानमा सहयोग गर्ने अभियुक्तलाई देहाय बमोजिम सजाय कम गर्ने माग दाबी लिई अभियोगपत्र दायर गर्न सकिने व्यवस्था गरिएको :

- आफुले गरेको कसूर पूर्ण रुपमा स्वीकार गरी सावित्ति अभियुक्तलाई पच्चीस प्रतिशतसम्म सजाय छुट हुने गरी अभियोगपत्र दायर गर्न सकिने,
- कसूरमा पूर्ण रुपमा सावित्ति भई त्यस्तो कसूरमा संलग्न अन्य व्यक्ति वा कसूर सम्बन्धी विस्तृत तथ्य बताउन, कसूरमा संलग्नलाई पक्राउ गर्न, कसूरसँग सम्बन्धित सवारी साधन, यन्त्र उपकरण वा अन्य वस्तु वा हतियार बरामद वा जफत गर्न सहयोग गरेमा पचास प्रतिशतसम्म सजाय छुट हुने गरी अभियोगपत्र दायर गर्न सकिने ।

- **सानातिना कसूरमा मुद्दा दायर नगरिने**

  पहिलो पटक गरेको एक हजार रूपैयाँसम्म बिगो भएको बगलीमारा सम्बन्धी कसूर, भिक्षा माग्ने कसूर तथा तीन हजार रूपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुने अन्य कुनै कसूरमा मुद्दा दायर गर्न आवश्यक नहुने र यसरी मुद्दा दायर नभएकोमा त्यस्तो कसूरदारले तीन वर्ष भित्र कुनै कसूर गरेमा पहिले गरेको कसूर वापत समेत सजाय गरिने ।

- **अभियोग पत्रमा कसूर र अभियोगपत्र सम्बन्धी विवरण खुलाउनु पर्ने**

  अभियोगपत्र दायर गर्दा देहायका विषयहरु खुलाउनु पर्ने :-

  - अभियुक्तको पूरा नाम, थर, ठेगाना, हुलिया, उमेर, पेशा वा व्यवसाय,
  - अभियुक्तको बाबु, आमा वा पति, पत्नीको नाम,

- अभियुक्त बसोबास गरेको गाउँपालिका वा नगरपालिका, वडा नं., गाउँ, टोल, भएसम्म ब्लक नं.,
- अभियुक्तको वास्तविक पहिचान हुने विवरण, निजको फोटो, नागरिकता वा राहदानी, सवारी चालक इजाजतपत्र वा निजको वास्तविक परिचय खुल्ने अन्य कागजातको प्रतिलिपि,
- अभियुक्तको भएसम्मको दुवै हातको चोरी औँलाहरूको छाप,
- अरूको घरमा डेरा गरी बसेको भए घरधनीको नाम, थर र ठेगाना सहितको विवरण,
- कसूरसँग सम्बन्धित सूचनाको व्यहोरा,
- कसूर सम्बन्धी विवरण,
- अभियुक्तले कसूर गरेको कुरा प्रमाणित गर्ने दसी, प्रमाणको विवरण,
- अभियुक्त उपर लगाइएको अभियोग र त्यसको आधार र कारणहरू,
- प्रयोग हुनु पर्ने सम्बन्धित कानून र त्यसको कारण,
- अभियुक्तलाई हुनु पर्ने सजायको माग दावी र त्यसको कारण,
- कसूरबाट क्षति पुगेको ब्यक्तिलाई क्षतिपूर्ति भराई दिनु पर्ने भए त्यस्तो क्षतिपूर्तिको रकम,
- कसूरको प्रकृतिसँग सम्बन्धित अन्य आवश्यक कुनै कुरा भए त्यसको विवरण ।

**अभियोगपत्र संशोधन गर्न वा थप अभियोजन गर्न सकिने**

अदालतमा दायर भई सकेको मुद्दामा थप प्रमाण फेला परेको अवस्थामा अभियोगत्र संशोधन गर्न वा थप अभियोजन गर्न सकिने ।

## जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने

कुनै सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने ।

- **वादी प्रतिवादीबीच छलफल गराउन सकिने**

अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गराउन सक्ने ।

## क्षेत्राधिकार र हदम्यादको सम्बन्धमा पहिले निर्णय गर्नु पर्ने

सम्बन्धित अदालतले हेर्न मिल्ने मुद्दा नभएको वा मुद्दा गर्नु पर्ने समय नाघी मुद्दा दर्ता भएको भन्ने प्रश्न उठेमा सो विषयमा पहिले निर्णय गरेर मात्र मुद्दाको तथ्यमा प्रवेश गरी अन्य कारबाही गर्ने ।

- **विदेशमा रहेका अभियुक्तलाई पक्राउ गर्न सकिने**

**विदे**शमा रहेका अभियुक्तलाई पारस्परिक कानूनी सहायताको माध्यमबाट पक्राउ गर्न सकिने ।

- **समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने**

विदेशमा वा स्वदेशमा भएको अभियुक्तको नाममा जारी भएको पक्राउ पूर्जी वा समाह्वान तामेल हुन नसकेमा नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी वा विद्युतीय सञ्चार माध्यमबाट प्रसारण गरी म्याद तामेल गर्न सकिने ।

## फरार अभियुक्तका अधिकार र सुविधा कटौती हुने

फरार अभियुक्तले अदालतमा उपस्थित नभएसम्म कुनै पदाधिकारी वा कर्मचारी भए निलम्बन हुने, अचल सम्पत्ति रोक्का हुने, तलव, भत्ता, निवृत्तभरण रोक्का हुने, बैंक खाता रोक्का हुने, नागरिकता, राहदानी वा जग्गा धनी प्रमाणपूर्जा नबन्ने जस्ता विभिन्न अधिकार तथा सुविधाहरू कटौती गर्ने ।

## म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई प्रतिनिधित्व गर्न नदिने

म्याद बुझ्नु पर्ने व्यक्ति कुनै मुद्दामा तारिख लिन वा वारिस वा कानून व्यवसायी भई अदालतमा उपस्थित हुँदा आफ्नो नामको म्याद नबुझेमा निजलाई तारिख लिन, वारिसको हैसियतमा प्रतिनिधित्व गर्न वा कानून व्यवसाय गर्न रोक लगाउन सकिने ।

## अभियुक्तलाई थुनामा राखिने

- देहायका कुनै कसूरको अभियोग लागेको व्यक्ति तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएमा थुनामा राखी मुद्दाको पूर्पक्ष गरिने :-
  - जन्म कैदको सजाय हुन सक्ने कसूर,
  - तीन वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने नेपाल सरकार वादी हुने कसूर, वा
  - माथी उल्लिखित कसूरको उद्योग, दुरूत्साहन वा अपराधिक षडयन्त्र गरेको वा त्यस्तो कसूरमा मतियार भएको कसूर ।
- कैदको सजाय हुनसक्ने देहायका अभियुक्तलाई थुनामा राखी पूर्पक्ष गर्न सकिने :-
  - अभियुक्तले आफू उपर लगाइएको अभियोग अदालत समक्ष स्वीकार गरेकोमा,
  - एक वर्ष वा सोभन्दा बढी सजाय हुन सक्ने कसूरको अभियोग लागेको अभियुक्तको नेपालमा स्थायी बसोबास नभएको र निजलाई थुनामा नराखेको खण्डमा निज भाग्ने र पछि पक्राउ पर्ने सम्भावना नरहेकोमा,
  - पक्राउ पूर्जी बमोजिम म्यादभित्र हाजिर नभई अभियुक्त पक्राउ भई आएको र निजले उजुरी साथ अदालतमा उपस्थित हुन नआएको कुनै सन्तोषजनक कारण देखाउन नसकेकोमा,
  - अभियोग लाग्नुभन्दा तीन वर्षअघिको अवधिभित्र अन्य कुनै कसूरको अभियोगमा निजले कैद सजाय पाउने ठहर भएकोमा ।

## धरौट, जमानत वा बैङ्क जमानतको रकम तोक्ने आधार

अभियुक्तलाई धरौट, जमानत वा बैङ्क जमानतको रकम तोक्दा देहायको कुरा विचार गरिने :-

- कसूरको प्रकृति र गम्भीरता,
- अभियुक्त वा कसूरदारको आर्थिक अवस्था तथा पारिवारिक स्थिति,
- अभियुक्त वा कसूरदारको उमेर र शारीरिक स्थिति,
- निजले पहिले कुनै कसूरमा कसूरदार ठहरी सजाय पाएको वा नपाएको,

- निजले एकै वारदातमा विभिन्न कसूर गरे वा नगरेको,
- निजलाई भएको वा हुन सक्ने सजाय र निजले व्यहोर्नु पर्ने क्षतिपूर्ति,
- कसूरबाट सृजित परिणाम,
- कसूरमा साबिती भए वा नभएको,
- असहाय वा अशक्त ब्यक्ति वा गर्भवती वा दुधे बालबालिका भएकी महिला अभियुक्त रहेको ।

### थुनाबाट छाड्न सकिने

- जन्मकैद वा दश वर्ष भन्दा बढी कैदको सजाय हुने कसूर र पटके कसूरदारबाहेक अन्य कसूरदारको हकमा प्रमाण बुझ्न तोकिएको पहिलो पटक तारिख तोकिएको मितिले एक वर्षभित्र मुद्दाको किनारा हुन नसकेका धरौटी वा जमानत लिई थुनाबाट छाड्न सकिने ।
- पुर्पक्षका लागि थुनामा रहेको अभियुक्तलाई हुन सक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा नराखिने ।

**साक्षीलाई सुविधा र सुरक्षा प्रदान गर्ने**

सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने ।

**साक्षीको व्यवहार, मुखाकृतिको टिपोट गर्न सकिने**

साक्षीलाई बकपत्र गराउँदा निजको व्यवहार वा मुखाकृति कस्तो थियो, जवाफ दिंदा उत्तेजित भएको, हडबडाएको, डराएको थियो थिएन वा निजको व्यवहारबाट निजले दिएको जवाफ साँचो झुटो के झल्कन्थ्यो भन्ने व्यहोरा टिपोट बनाउन सकिने ।

**नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने**

प्रमाण परीक्षणको दिन तोकिएको दिन उपस्थित नहुने र नबुझी नहुने नेपाल सरकार वादी हुने मुद्दाको साक्षीलाई समाह्वान जारी गर्दा समेत उपस्थित नभएमा दुई हजार रूपैयाँसम्म जरिबाना गरी पक्राउ पूर्जी जारी गरी पक्राउ गरी बकपत्र गराउन सकिने ।

## सजाय माफी, मुल्तवी, परिवर्तन वा कम नहुने

देहायका कसूरका कसूरदारलाई भएको सजाय माफी, मल्तवी, परिवर्तन वा कम नहुने :-

- भ्रष्टाचार,
- यातना,
- जबरजस्ती करणी,
- क्रुर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको,
- जाति हत्या,
- विष्फोटक पदार्थ,
- अपहरण, शरीर बन्धक वा ब्यक्ति बेपत्ता,
- मानव बेचविखन तथा ओसारपसार,
- सम्पत्ति शुद्धीकरण, र
- तीन वर्षभन्दा बढी कैद सजाय हुने लागूऔषधको ओसारपसार वा कारोबार ।

## एक महिनाभित्र फैसला लेखी सक्नु पर्ने

फैसला भएको एक महिना भित्र फैसला लेखी सक्नु पर्ने, सो अवधिमा लेखी नसकेमा उच्च अदालतको मुख्य न्यायाधीश र प्रधान न्यायाधीश समक्ष उजुर गर्न सक्ने यसरी उजुर परेकोमा मुख्य न्यायाधीश वा प्रधान न्यायाधीशले एक हप्ताभित्र फैसला तयार गर्न सम्बन्धित न्यायाधीशलाई निर्देशन दिने ।

- **फैसला प्रमाणीकरण भएको सूचना प्रकाशन गर्नु पर्ने**

  अदालतले प्रत्येक हप्ता प्रमाणीकरण भएको फैसलाको विवरण अदालतको सूचना पाटी र वेबसाइटमा प्रकाशन गर्नु पर्ने ।

- **कैद वापत रकम तिर्न सकिने**

  एक वर्ष वा सो भन्दा कम कैद सजाय हुने कसूरमा पहिलो पटक कसूरदार ठहरिएको कसूरदारको उमेर, कसूरको गम्भीरता, कसूर गरेको

तरिका, आचरण समेतका आधारमा कारागारमा राख्न उपयुक्त नभएमा र निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा नपुग्ने भएमा एक दिनको तीन सय रूपैयाँका दरले रकम बुझाउन लगाई कैदमा बस्नु नपर्ने आदेश दिन सक्ने ।

- **पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने**

  पीडित वा साक्षीको सुरक्षा अवस्थालाई मध्यनजर गरी निजहरूको विवरण गोप्य राख्न सकिने ।

## २.५ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन

### कसूर ठहर भए पछि सजाय निर्धारण हुने

फौजदारी कसूरमा पहिले कसूरदार ठहर गरिसके पश्चात सजाय निर्धारण गर्ने र यसरी सजाय निर्धारण गर्दा तीन वर्ष भन्दा बढी कैद वा तीस हजार रुपैयाँ भन्दा बढी जरिबाना हुने कसूरमा छुट्टै सुनुवाई गर्नु पर्ने ।

- **खुला इजलासमा सुनुवाई गर्नु पर्ने**

  कसूर निर्धारण सम्बन्धी सुनुवाई गर्दा खुल्ला इजलासमा सुनुवाई गरी सजाय निर्धारण गर्नु पर्ने ।

- **सबै भन्दा बढी सजाय मात्र कार्यान्वयन गर्ने**

  एकै वारदातमा भएका विभिन्न कसूर वापत अलग अलग सजाय निर्धारण गरी सबै भन्दा बढी सजाय मात्र कार्यान्वयन गर्नु पर्ने ।

### गम्भीर मुद्दामा सजाय पूर्वको प्रतिवेदन लिनु पर्ने

तीन वर्ष भन्दा बढी कैद वा तीस हजार रुपैयाँ भन्दा बढी जरिबाना हुन सक्ने कसूरमा सजाय निर्धारण गर्नु पूर्व कसूरदारको व्यक्तिगत, सामाजिक, सांस्कृति पृष्ठभूमि, कसूर गर्दाको परिस्थिति, कसूर गर्नु पूर्वको चालचलन, कसूरदारको उमेर समेतका आधारमा अदालतले प्रोवेशन वा प्यारोल अधिकृतबाट प्रतिवेदन लिन सक्ने ।

- **कसूरको गम्भीरता तथा कसूर गर्दाको परिस्थिति समेतका आधारमा सजाय निर्धारण गरिने**

  फौजदारी कसूरमा सजाय निर्धारण गर्दा सजायको उद्देश्यलाई विचार गरी कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा, कसूर गर्दाको परिस्थिति, कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था समेतको आधारमा सजाय निर्धारण गर्नु पर्ने ।

- **बालबालिकालाई सजाय निर्धारण गर्दा सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने**

  बालबालिकालाई सजाय निर्धारण गर्दा निजको सर्वोत्तम हित, कसूरको गम्भीरता र दोषको मात्रा, निजको व्यक्तिगत परिस्थिति, अपराधप्रतिको पश्चाताम समेतका आधारमा सजाय निर्धारण गर्नु पर्ने र जघन्य, गम्भीर वा पटके कसूर गरेकोमा बाहेक कैदको सजाय हुने गरी सजाय निर्धारण गर्नु नहुने ।

### कैदको विकल्प

कैदको विकल्पको रुपमा सामुदायिक सेवा गर्न आदेश दिन सकिने, कैद सजाय निलम्बन गर्न सकिने, सुधार गृहमा पठाउन सकिने, पुनर्स्थापना केन्द्रमा पठाउन सकिने, सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न सकिने, खुला कारागारमा राख्न सकिने, प्यारोलमा राख्न सकिने, कैद वापत श्रममा लगाउन सकिने, सामाजिकीकरण गराउन सकिने । (यी व्यवस्थाहरू नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि प्रारम्भ हुने)

- **अन्य सजाय पर्याप्त नहुने भएमा मात्र कैदको सजाय गर्ने**

  अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै कसूरदारलाई सजाय गर्दा जरिबाना र सामुदायिक सेवा पर्याप्त नहुने भएमा कैदको सजाय गर्नु पर्ने ।

- **आर्थिक हानि नोक्सानी समेतका आधारमा जरिबाना निर्धारण गर्ने**

  कुनै कसूरदारलाई जरिबाना गर्दा कसूरदारको आर्थिक हैसियत र आय आर्जन क्षमता, पीडित व्यक्तिलाई हुन गएको आर्थिक हानि नोक्सानी, विगोको रकम समेतका आधारमा गर्नु पर्ने ।

- **किस्ताबन्दीमा जरिबाना तिर्न सक्ने**

  सामान्यतया जरिबाना तत्काल बुझाउनु पर्ने र तत्काल बुझाउन नसकेमा सो वापत कुनै सम्पत्ति जमानत दिएमा बढीमा तीन किस्तामा बुझाउन सक्ने ।

- **कैद कट्टा हुन सक्ने**

  कुनै कैदीको कैदमा रहँदा चालचलनमा सुधार आएमा निश्चित अवधि कैद कारागारले कट्टा गर्न सक्ने ।

### कैद कट्टा नहुने

देहायका कसूर गरे वापत कैदमा रहेको व्यक्तिको कैद कट्टा नहुने :-

- जन्म कैदको सजाय पाएको,
- जबरजस्ती करणी सम्बन्धी कसूरमा सजाय पाएको,
- भ्रष्टाचार सम्बन्धी कसूरमा सजाय पाएको,
- मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसूरमा सजाय पाएको,
- अपहरण तथा शरीर बन्धक सम्बन्धी कसूरमा सजाय पाएको,
- लागू औषध ओसार पसार तथा कारोबार सम्बन्धी कसूरमा सजाय पाएको,
- सङ्गठित अपराध सम्बन्धी कसूरमा सजाय पाएको,
- सम्पति शुद्धीकरण सम्बन्धी कसूरमा सजाय पाएको,
- यातना वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार सम्बन्धी कसूरमा सजाय पाएको,
- मानवता विरुद्धको अपराध सम्बन्धी कसूरमा सजाय पाएको ।

- **प्रोवेशन तथा प्यारोल बोर्ड**

  कैद सजाय पाएका कसूरदारको सामाजिक पुनर्स्थापना तथा एकीकरण गर्ने कार्यमा सहयोग पुऱ्याउने तथा प्रोवेशन तथा प्यारोल सम्बन्धी नीति निर्माण गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने समेत प्रयोजनको लागि महान्यायाधिवक्ताको अध्यक्षतामा संघीय प्रोवेशन तथा प्यारोल बोर्ड र मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रदेश प्रोवेशन तथा प्यारोल वोर्ड रहने ।

- **क्षतिपूर्ति भराइ दिनु पर्ने**

  पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने ।

- **पीडित राहत कोष**

  पीडितलाई राहत उपलब्ध गराउन पीडित राहत कोष रहने ।

**३. केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा खारेज भएका ऐनहरू**

- नागरिक अधिकार ऐन, २०१२
- नेपाल कोर्ट फी ऐन, २०१७
- गाली र बेइज्जतीको ऐन, २०१६
- जासूसी ऐन, २०१८
- भिक्षा माग्ने (निषेध) ऐन, २०१८
- मुलुकी ऐन
- जुवा ऐन, २०२०
- विवाह दर्ता ऐन, २०२८
- केही फौजदारी मुद्दा खारेज गर्ने र दण्ड सजाय मिनाहा दिने ऐन, २०२०
- केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७
- राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६
- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९
- करार ऐन, २०५६ ।

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**
सिंहदरबार, काठमाडौं
फोनः ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४
वेभसाइटः www.moljpa.gov.np